अपिहिमाल गाउँपालिका

# आर्थिक बर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम पुस्तिका

## गाउँ कार्यपालिकाको कार्यालय, खण्डेश्वरी, दार्चुला

# आ.ब. २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तावना

**गाउँ सभाका सदस्यहरू,**

**यस गरिमामय गाउँ सभामा उपस्थित राजनितिक दलका प्रतिनिधिहरु, नागरिक समाजका प्रबुद्ध वर्ग, बुद्धिजीवी, उद्योगी व्यापारी, पत्रकार मित्रहरु, राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मी मित्रहरु एवं उपस्थित सम्पूर्ण महानुभावहरुमा हार्दिक स्वागत तथा न्यानो अभिवादन व्यक्त गर्दछु।**

अपिहिमाल गाउँपालिकाको अध्यक्षको रूपमा गाउँ सभामा आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु।

सर्वप्रथम, संघीय लोकतान्त्रिक गणतन्त्र तथा देशको अग्रगामी परिवर्तनको लागि भएको  जनयुद्ध, जेनजी आन्दोलन लगायत सबै परिवर्तनकारी आन्दोलनमा आफ्नो जीवन उत्सर्ग गर्न हुने ज्ञात अज्ञात सहिदहरु प्रति श्रद्धा सुमन अपर्पण गर्दछु। साथै, घाइते, अपाङ्ग योद्धाहरु प्रति उच्च व्यक्त गर्दै स्वास्थ्य लाभको कामना समेत गर्दछु।

**"सुन्दर, समृद्ध र विकसित अपिहिमाल"** निर्माण गर्ने लक्ष्यलाई आत्मसात् गर्दै गाउँपालिकामा थुप्रै नीतिगत, कानुनी तथा संस्थागत आधार तयार भई गाउँपालिकाबाट सम्पादन गर्नुपर्ने कार्यले निरन्तरता पाएका छन।

हालसम्म प्राप्त उपलब्धी र सरकारले गरेका प्रतिवद्धतालाई केन्द्रमा राखि सुशासन प्रवर्द्धन गर्न र गाउँपालिकाको पूर्वाधार संरचनाको विकास गरी आर्थिक लक्ष्य हासिल गर्न सरकार कटिवद्ध छ। संघ, प्रदेश र गाउँपालिका बीचको सहकार्य, सहअस्तित्व र समन्वयलाई सुदृढ गर्दै गाउँपालिकाको विकास गर्नु सरकारको मूल ध्येय रहेको कुरा विश्वास दिलाउँछु।

**गाउँसभाका सदस्यहरु,**

अब म यस अपि हिमाल गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

१. परम्परागत खेती प्रणालीलाई क्रमशःविस्थापन गर्दै आधुनिक र व्यवसायिक खेती प्रणालीमा रुपान्तरण गर्न "**एक वडा, एक आत्मनिर्भर उत्पादन कार्यक्रम**" सञ्चालन गरिने छ। कृषि योग्य भूमिको उत्पादकत्व क्षमता बढाई गाउँपालिकाको खाद्य तथा पोषण सुरक्षामा जोड दिईनेछ। प्राङ्गारिक मल प्रयोगलाई प्रोत्साहित गरि अर्गानिक अपि कार्यक्रमलाई साकार पारिनेछ।

२. वैदेशिक रोजगारीबाट फर्केका युवाहरुको व्यावसायिक ज्ञान र श्रमलाई उपयोग गर्न "**रिटर्नी कृषि उद्यम साझेदारी कार्यक्रम**" सञ्चालन गरिने छ। जसमा उद्यमीको श्रम र सीप रहनेछ भने गाउँपालिकाको तर्फबाट प्रविधि हस्तान्तरण, पूर्वाधार निर्माणमा सहयोग र बजार व्यवस्थापनको प्रत्याभूति गराइनेछ।

३. जलवायु परिवर्तनको असर न्युनिकरण गर्दै वातावरण मैत्री र हावापानी सुहाउने फलफुल, तरकारी, नगदेबाली तथा जडीबुटी खेतीमा संघीय सरकार, प्रदेश सरकार, दातृ निकायहरुसँगको सहकार्यमा जोड दिइने छ। साथै गाउँपालिका भित्रका स्थानीय रैथाने बालीको संरक्षण र प्रवर्द्धनमा जोड दिइने छ। भाङो खेतीलाई प्रोत्साहित गर्दै भाङोको बहुउपयोगी वस्तुहरु उत्पादन र सोको ब्राण्डिङका लागि विशेष व्यवस्था गरिने छ। जलबायु परिवर्तन स्थानीय अनुकुलन परियोजना(LACC) सँगको सहकार्यलाई निरन्तरता दिँदै जलवायु न्युनीकरण सम्बन्धी ठोस कार्यक्रम कार्यान्वयन गरिने छ।

४. पशुपालन क्षेत्रलाई निर्वाहमुखीबाट व्यावसायिकतातर्फ रुपान्तरण गर्न '**उत्पादनमा आधारित प्रोत्साहन प्रणाली**' लागू गरिने छ। नश्ल सुधारका लागि उन्नत जातका पशु वितरण तथा घरदैलोमै सुलभ कृत्रिम गर्भाधान सेवा थप विस्तार गरिने छ। साथै, पशुपालनमा लागत घटाउनु र उत्पादकत्व बढाउन घाँस काट्ने मसिन, आधुनिक गोठ सुधार प्रयोगमा विशेष सहुलियत र प्रोत्साहन दिने कार्यलाई निरन्तरता दिइने छ।

५. पशु स्वास्थ्यको सुनिश्चितता र सम्भावित जोखिम न्यूनीकरणका लागि '**पूर्ण पशु बिमा कार्यक्रम**' सञ्चालन गरिने छ। पशुहरुलाई महामारीजन्य रोगबाट मुक्त गराउन पशु खोप सेवा सञ्चालन गरिने छ।

६. सहकारी क्षेत्रलाई उत्पादन र रोजगारीसँग जोड्न 'बचत-ऋणबाट उद्यमशीलता' तर्फ रूपान्तरण गरिने छ। यसका लागि '**एक सहकारी, एक विशिष्ट उत्पादन**' को नीति अवलम्बन गरिने छ। उत्पादनमूलक तथा प्रशोधनजन्य उद्योगमा संलग्न हुने सहकारीहरूलाई मसिनरी उपकरण खरिद र भौतिक पूर्वाधार निर्माणमा गाउँपालिकाले लागत साझेदारी तथा विशेष अनुदान उपलब्ध गराउने रणनीति लिइनेछ। सहकारी मार्फत स्थानीय उत्पादन बजारीकरणको लागि कोशेलीघर सञ्चालन प्रोत्साहन गरिने छ।

७. स्थानीय पुँजीलाई उत्पादनमा लगाउन '**पालिका-सहकारी युवा स्वरोजगार कोष**' सञ्चालन गरिने छ। यस कोषबाट बेरोजगार युवाहरूले व्यवसाय सञ्चालन गर्न सहकारीमार्फत ब्याज अनुदान (Interest Subsidy) सहितको सहुलियतपूर्ण ऋण प्राप्त गर्ने सुनिश्चितता गरिने छ।

८. सहकारीमा हुने आर्थिक जोखिम न्यूनीकरण गर्न डिजिटल रिपोर्टिङ र 'नियमित सघन अनुगमन' (Intensive Monitoring) प्रणाली लागू गरिने छ।

गाउँपालिका भित्र सञ्चालनमा रहेका सबै सहकारी संस्थाहरुलाई एकिकृत सहकारी व्यवस्थापन प्रणाली(OPOMOS) मा आवद्ध हुन अनिवार्य गरिने छ। सहकारीको सम्पत्ति र पुँजी संरक्षणका लागि सञ्चालकहरूको जवाफदेहिता सुनिश्चित गरिनुका साथै गलत कार्य गर्नेलाई प्रचलित कानुन बमोजिम कडा कारबाहीको दायरामा ल्याई 'बचतकर्ताको हित संरक्षण' गरिने छ।

**गाउँसभाका सदस्यहरु,**

९. गाउँपालिकाका ऐतिहासिक, धार्मिक र प्राकृतिक क्षेत्रहरूको संरक्षण गर्दै पर्यटकीय पूर्वाधार विकासमा स्थानीय मौलिकता र नवप्रवर्तनलाई प्राथमिकता दिइने छ। पदमार्ग विस्तार, भ्यू पोइन्ट र अपिहिमाल आधार शिविर जस्ता गन्तव्यलाई अन्तर्राष्ट्रियस्तरको गुणस्तरीय र व्यवस्थित पदमार्गको रुपमा विकास गरी देशकै उत्कृष्ट गन्तव्यको रुपमा विकास गरिने छ। पालिकामा भएका नयाँ गन्तव्यहरु तामाखानी धरमघर, कपिल हिमाल वेशक्याम्प धरमघर, सातगंगा चाइमटेला क्षेत्र, बयली काललाई नयाँ गन्तव्यको रुपमा विकास गरिने छ।

१०. स्थानीय समुदायको आय आर्जनका लागि प्राकृतिक सौन्दर्य, रैथाने खानपान र अर्गानिक उत्पादनलाई जोडेर होमस्टे (घरबास) कार्यक्रमलाई विस्तार गरिने छ। **'भेडिगोठ बास' र 'Meet The People'** जस्ता नवीन कार्यक्रम मार्फत **कृषि-पर्यटन(Agro-Tourism)** लाई जीविकोपार्जनको आधार बनाइने छ।

११. अपिहिमाल, नाम्पा र कापुचुली लगायतका हिमाल आरोहणका लागि आवश्यक पहल गरिने छ। पर्यटन प्रवर्द्धनका लागि अल्ट्रा हाई अल्टिच्युट म्याराथन, रक क्लाइम्बिङ, राष्ट्रियस्तरको भलिबल, क्रिकेट प्रतियोगिता र हिउँमा खेलिने साहसिक स्कि (Ski) खेलको सम्भाव्यता अध्ययन तथा

आयोजना गरी गाउँपालिकालाई साहसिक तथा खेल पर्यटनको केन्द्र बनाइने छ।

१२. गाउँपालिकाका प्रमुख गन्तव्यहरूको प्रचार-प्रसारका लागि **'अपिहिमाल पर्यटन डिजिटल अभियान'** सञ्चालन गरिने छ। स्वदेशी तथा विदेशी चर्चित कन्टेन्ट क्रिएटर र भ्लगरहरूलाई परिचालन गरी पर्यटकीय स्थलहरूको डिजिटल मार्केटिङ र बहुभाषी सूचना प्रणालीको विकास गरिने छ।

१३. पर्यटन क्षेत्रमा महिला तथा युवाहरूको संलग्नता बढाउन नेचर गाइड, कुक, डिजिटल मार्केटिंग र हस्पिटालिटी सम्बन्धी व्यावसायिक तालिम सञ्चालन गरिने छ। पर्यटनलाई शिक्षा र स्वास्थ्यसँग जोड्दै शैक्षिक पर्यटन (Educational Tourism) र विशेषज्ञ चिकित्सक सहितको **'हेल्थ टुरिजम'** का कार्यक्रमहरू कार्यान्वयन गरिने छ।

१४. गाउँपालिकामा रहेका जातीय तथा सांस्कृतिक संग्रहालय, होमस्टेहरूलाई थप व्यवस्थित गरी सञ्चालन गरिने छ। नेपाल पर्यटन बोर्ड, पर्यटन विभाग, प्रदेश सरकार, दिगो पर्यटन परियोजना र अन्य सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्यमा कार्यक्रम सञ्चालन गरी पर्यटन क्षेत्रको विकास गरिने छ।

**गाउँसभाका सदस्यहरु,**

१५. दुर्गम क्षेत्रबाट कच्चा पदार्थ (जस्तैः जडीबुटी, अल्लो, रेशाजन्य वस्तु) ढुवानी गर्न सडक नभएको अवस्थालाई मध्यनजर गर्दै गाउँपालिकाले "**उद्यमीको आँगनमा प्रविधि**" अभियान सञ्चालन गर्नेछ। यस अन्तर्गतः ढुवानी गर्न सहज हुने साना र पोर्टेबल (Portable) प्रशोधन मेसिनहरू दुर्गम बस्तीमै पुऱ्याउने व्यवस्था मिलाइने छ। कच्चा पदार्थलाई सोही स्थानमा अर्ध-प्रशोधित गरी

तौल घटाउने र मूल्य वृद्धि (Value Addition) गर्ने कार्यलाई प्राथमिकता दिई प्रविधि हस्तान्तरण कार्यक्रम गरिने छ।

१६. सडक र इन्टरनेट नभएका क्षेत्रमा रहेका परम्परागत हस्तकला र मौलिक उत्पादनलाई संरक्षण गर्न "**पुख्यौली सीप, आधुनिक पहिचान**" कार्यक्रम ल्याइनेछ। यस अन्तर्गतः सडक नपुगेका बस्तीका उत्पादनलाई सडक पहुँच भएका "संकलन केन्द्र" सम्म ल्याउन ढुवानी अनुदान (Transport Subsidy) को व्यवस्था गरिने छ। डिजिटल पहुँच नभएका उद्यमीका लागि गाउँपालिकाले नै 'बजारीकरण एजेन्ट' को भूमिका खेल्दै उनीहरूको उत्पादनलाई 'अर्गानिक' र 'हस्तकला' को विशेष ब्रान्डिङ गरी सहरी बजार र प्रदर्शनीहरूमा पुऱ्याउने जिम्मा लिइनेछ।

१७. दूरसञ्चार र सूचना प्रविधिको अभावमा उद्यमीहरू नयाँ जानकारीबाट वञ्चित हुने हुँदा "**सिक्दै, कमाउँदै**" घुम्ती तालिम शिविरहरू सञ्चालन गरिने छ। यस अन्तर्गतः प्राविधिक प्रशिक्षकहरू दुर्गम बस्तीमै पुगेर १५ देखि ३० दिनसम्मको सघन तालिम दिइने छ। बैंक नपुगेका स्थानमा लघु उद्यमीहरूलाई सहुलियत दिन 'वस्तु तथा सेवा' को सट्टामा प्रविधि वा उपकरण अनुदान दिइने छ। सामुदायिक समूहहरू मार्फत '**श्रम र प्रविधि साटासाट**' गर्ने संयन्त्र बनाइ सडक नभएका ठाउँमा पनि सामूहिक उद्यमशीलताको विकास गरिने छ।

१८. नवप्रवर्तनमा आधारित उद्यमशीलता तथा स्थानीय आर्थिक विकास कार्यक्रमलाई प्राथमिकता दिइने छ। अपिहिमाल गाउँपालिकामा दर्ता गरी सञ्चालनमा रहेका उद्यमीहरुलाई प्रोत्साहित गर्न आवश्यक नीति तथा कार्यक्रमको उचित व्यवस्थापन गरिने छ।

**गाउँसभाका सदस्यहरु,**

१९. हालको सीपमूलक तालिम र रोजगार सूचना केन्द्रको अवधारणालाई थप विस्तार गर्दै **'स्थानीय रोजगार बैंक'** को अवधारणा कार्यान्वयन गरिने छ। यस अन्तर्गतः गाउँपालिका भित्रका दक्ष, अर्ध-दक्ष र अदक्ष श्रमिकहरूको **डिजिटल लगत (Profile)** तयार गरी रोजगारदाता र श्रमिकबीच सिधा सम्पर्क गराइनेछ। परम्परागत सीप भएका (जस्तैः सिकर्मी, डकर्मी) तर प्रमाणपत्र नभएका श्रमिकहरूलाई **'सीप परीक्षण'** गराई **आधिकारिक प्रमाणपत्र** उपलब्ध गराइनेछ, जसले गर्दा उनीहरूको श्रमको सम्मान र उचित ज्याला सुनिश्चित हुने छ।

२०. सुरक्षित वैदेशिक रोजगार, श्रमिक अधिकार तथा सामाजिक सुरक्षा सम्बन्धी सचेतनामूलक कार्यक्रम अभियानका रुपमा सञ्चालन गरिने छ। विदेशबाट फर्केका युवाहरूले ल्याएको सीपलाई स्थानीय आवश्यकतासँग जोड्न 'मेन्टरसिप' कार्यक्रम चलाइनेछ। उनीहरूलाई उद्यम सुरु गर्न आवश्यक पर्ने प्राविधिक सल्लाह र प्रशासनिक प्रक्रियामा सहजीकरण गर्दै **'अध्यक्ष स्वरोजगार कार्यक्रम'** मार्फत विशेष सहुलियत वा उपकरण अनुदान प्रदान गरिने छ।

२१. श्रमदानको संस्कृतिलाई व्यवहारमा उतार्न **"मेरो गाउँ, मेरो पसिना"** अभियानलाई अनिवार्य र प्रोत्साहनमूलक बनाइने छ। यस अन्तर्गतः महिनाको एक दिन सार्वजनिक पूर्वाधार निर्माण (गोरेटो बाटो, कुलो, विद्यालय मर्मत) मा जनप्रतिनिधि र कर्मचारीसहित नागरिकको प्रत्यक्ष सहभागिता सुनिश्चित गरिने छ। यस अभियानमा नियमित र उत्कृष्ट योगदान पुऱ्याउने युवाहरूलाई गाउँपालिकाबाट प्रदान गरिने अन्य सेवा

सुविधा प्राथमिकता दिने गरी **'स्वयंसेवक क्रेडिट प्रणाली'** को विकास गरिने छ।

**गाउँ सभाका सदस्यहरू**

२२. शिक्षण संस्थालाई वैज्ञानिक र प्रविधिमैत्री बनाउने नीति अनुसार सबै सामुदायिक विद्यालयमा **'स्मार्ट क्लासरुम'** को अवधारणा चरणबद्ध रुपमा लागू गरी शिक्षकहरूलाई प्रविधिमा आधारित तालिम र डिजिटल शैक्षिक सामग्री वितरणलाई तीव्रता दिइने छ।

२३. प्रत्येक वडामा कम्तीमा **'एक नमूना विद्यालय'** विकास गर्ने कार्यलाई निरन्तरता दिँदै ती विद्यालयमा विशेष भौतिक पूर्वाधार, पुस्तकालय र प्रयोगशालाको सुविधा सुनिश्चित गरिने छ।

२४. कमजोर आर्थिक अवस्थाका जेहेन्दार विद्यार्थीलाई **एमबिबिएस (MBBS)** लगायतका उच्च शिक्षामा छात्रवृत्ति दिने नीतिलाई थप विस्तार गरी गाउँपालिकाको स्वास्थ्य सेवामा अनिवार्य आवद्ध गराउने कानुनी संयन्त्र बलियो बनाइने छ।

२५. बाली विज्ञान र कृषि शिक्षालाई विद्यालयको पाठ्यक्रममै प्रभावकारी बनाउँदै विद्यार्थीहरूलाई प्रयोगात्मक कृषि फार्महरूमा संलग्न गराई स्वरोजगारी तर्फ आकर्षित गरिने छ। कृषि स्नातक पढ्ने विद्यार्थीका लागि विशेष छात्रवृत्तिको व्यवस्था गरिने छ।

२६. विद्यालयमा नियमित स्वास्थ्य जाँच र छात्राहरूलाई **निःशुल्क स्यानिटरी प्याड** वितरणलाई थप व्यवस्थित बनाउने कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरिने छ।

२७. **अध्यक्ष प्रिमियर लिग** र अन्य प्रतियोगिताहरू सँगै गाउँपालिकाको भौगोलिक बनावटलाई उपयोग गर्दै **साहसिक खेल पर्यटन** र **हाई-अल्टिच्युड रंगशाला** निर्माणको कार्यलाई अघि बढाइनेछ।

२८. सामुदायिक विद्यालयमा अभिभावक र सरोकारवालाको अपनत्व बढाउन सकारात्मक सोच, योग र स्थानीय संस्कृति समेटिएको स्थानीय पाठ्यक्रमको पूर्ण कार्यान्वयनमा जोड दिइने छ।

२९. शिक्षा क्षेत्रको लगानीलाई प्रभावकारी र गुणस्तरीय बनाउन विद्यार्थी संख्या, भूगोल र आवश्यकताका आधारमा विद्यालय समायोजन, मर्ज तथा दरबन्दी मिलान कार्यलाई व्यवस्थित गरिने छ। प्रत्येक वडामा न्यूनतम पूर्वाधार, प्रविधिमैत्री शिक्षण-सिकाइ र सुरक्षित छात्रावास सहितको '**एक वडा, एक आवासीय विद्यालय**' अवधारणा चरणबद्ध रूपमा कार्यान्वयन गरिने छ।

३०. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पदक विजेता खेलाडीहरूको योगदानको उच्च कदर गर्दै उनीहरूका लागि विशेष प्रोत्साहनको व्यवस्था गरिने छ। '**स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद**' भन्ने मूल नाराका साथ वडा तहसम्म खेलकुद पूर्वाधारको निर्माण, विस्तार र व्यावसायिक युवा खेलाडी उत्पादनका कार्यक्रमहरू सञ्चालन गरिने छ।

**गाउँ सभाका सदस्यहरू**

३१. भौगोलिक रूपमा दुर्गम क्षेत्रका नागरिकहरूका लागि निःशुल्क आधारभूत स्वास्थ्य सेवाको सर्वव्यापी पहुँच सुनिश्चित गरिने छ। यसका लागि आधारभूत स्वास्थ्य सेवा केन्द्र, गाउँघर क्लिनिक र खोप क्लिनिकहरूलाई थप व्यवस्थित, सुदृढ र विस्तार गरिने छ। साथै, आवश्यक उपकरण, चिकित्सक तथा स्वास्थ्यकर्मीको व्यवस्थापन गरी **खण्डेश्वरी स्वास्थ्य चौकीलाई '१० शैयाको आधारभूत अस्पताल'**का रूपमा स्तरोन्नति गरी सञ्चालनमा ल्याइनेछ।

३२. बढ्दो मानसिक स्वास्थ्य समस्या तथा आत्महत्या जस्ता जटिलता न्यूनीकरण गर्न सबै तहका स्वास्थ्य संस्थाहरूबाट प्राथमिक मानसिक स्वास्थ्य सेवा प्रवाह गर्ने व्यवस्था मिलाइने छ। नागरिकको शारीरिक तथा मानसिक स्वास्थ्यलाई मध्यनजर गर्दै निश्चित स्थान र समयमा विशेषज्ञ स्वास्थ्य सेवा, योग शिविर र मनोसामाजिक परामर्श सेवा सञ्चालन गरिने छ। स्वास्थ्य संस्था व्यवस्थापन समितिको रेखदेखमा अत्यावश्यक औषधि तथा सामग्रीहरूको निरन्तर उपलब्धता सुनिश्चित गर्न औषधि एवं उपकरण खरिद र आपूर्ति प्रणालीलाई प्रभावकारी बनाइने छ।

३३. "**मेरो स्वास्थ्यः मेरो जिम्मेवारी**" अभियान र नसर्ने रोग नियन्त्रण गर्ने महत्वपूर्ण जिम्मेवारीलाई महशुस गर्दै स्वस्थ जीवनशैलीका लागि शारीरिक व्यायाम, योग र स्थानीय रैथाने बालीको उपभोगलाई प्रोत्साहन गर्दै नसर्ने रोगको जोखिम कम गर्न घरदैलोमै स्वास्थ्यकर्मी परिचालन गरी स्क्रिनिङ र उपचार सेवा विस्तार गरिने छ।

३४. गाउँपालिका अन्तर्गतको आयुर्वेदिक औषधालयको स्तरोन्नति गर्दै गुणस्तरीय आयुर्वेदिक विधिबाट सेवा प्रदान गर्न र सबै स्वास्थ्य संस्थाहरूबाट आयुर्वेदिक तथा वैकल्पिक चिकित्सा प्रणालीलाई थप विस्तार गरिने छ।

३५. "**स्वास्थ्यमा प्रविधिः समृद्धिमा गति**" भन्ने नाराका साथ स्वास्थ्य क्षेत्रमा डिजिटल प्रविधिको प्रयोग गरी विशेषज्ञ सहितको स्वास्थ्य सेवामा पहुँच पुऱ्याउन **टेलिहेल्थ तथा टेलिमेडिसिन** सहितको स्मार्ट हेल्थ कार्यक्रम सञ्चालन तथा विस्तार गरिने छ।

३६. डिजिटल स्वास्थ्य सूचना प्रणाली सुदृढीकरण तथा नागरिक स्वास्थ्य प्रोफाइल कार्यक्रम सञ्चालन गरिनेछ। गाउँपालिकाभित्रका प्रत्येक नागरिक तथा घरधुरीको एकीकृत डिजिटल स्वास्थ्य प्रोफाइल निर्माण गरी स्वास्थ्य

तथ्याङ्क व्यवस्थापनलाई व्यवस्थित बनाइनेछ। नागरिकलाई आफ्नै स्वास्थ्य विवरणमा पहुँच सुनिश्चित गर्न नागरिक–केन्द्रित डिजिटल स्वास्थ्य (स्मार्ट हेल्थ) एप सञ्चालनमा ल्याइनेछ, र डिजिटल प्रविधिको माध्यमबाट गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच अन्तिम नागरिकसम्म विस्तार गरिनेछ।

३७. बालबालिकाको खोप लगाउने अधिकार सुनिश्चित गर्न "**खोज र खोप**" अभियान सञ्चालन गरिने छ र खोप सेवालाई प्रभावकारी बनाउन '**कोल्ड चेन सब सेन्टरको स्थापना**' गरिने छ।

३८. महिलामा हुने पाठेघरको मुखको क्यान्सर र स्तन क्यान्सरको निःशुल्क परीक्षणलाई निरन्तरता दिँदै लिङ्गको आधारमा गरिने गर्भपतन र कम उमेरमा हुने विवाह जस्ता कुप्रथा विरुद्ध '**किशोरी लक्षित कार्यक्रमहरू**' सञ्चालन गरिने छ।

३९. जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अल्पसङ्ख्यक समुदायलाई घरदैलोमै सहज स्वास्थ्य सेवा प्रदान गर्न "**अध्यक्ष जेष्ठ नागरिक स्वास्थ्य कार्यक्रम**" लाई थप व्यवस्थित रूपमा निरन्तरता दिइने छ।

४०. सुनौला १००० दिन÷ का आमा र बच्चाको पोषण तथा समग्र स्वास्थ्य अवस्थामा गुणात्मक सुधार ल्याउन '**उपाध्यक्ष एकीकृत पोषण तथा स्वास्थ्य कार्यक्रम÷** लाई थप परिमार्जन र सुदृढ गर्दै निरन्तरता दिइने छ। यस कार्यक्रम अन्तर्गत बहुक्षेत्रीय पोषण योजनासँग समन्वय गरी लक्षित वर्गका लागि स्वास्थ्य जाँच, सचेतना र पोषण सहयोगका कार्यक्रमहरू सञ्चालन गरिने छ।

## गाउँ सभाका सदस्यहरू

४१. विगतका "**एक घर एक धारा**" र मर्मत सम्भारका कार्यक्रमहरूलाई थप सुदृढ बनाउन खानेपानी आयोजनाहरूमा "**डिजिटल महसुल संकलन**"

प्रणाली लागू गरिने छ; साथै, मुहानदेखि धारासम्मको पानीको शुद्धता मापन गर्न स्वचालित सेन्सर प्रविधि प्रयोग गरी "**डिजिटल वाटर क्वालिटी ड्यासबोर्ड**" को सुरुवात गरिने छ।

४२. स्रोतमा फोहोर वर्गीकरण गर्ने अघिल्लो नीतिको जगमा टेकी "**फोहोरबाट मोहर**" अभियान अन्तर्गत घरधुरी स्तरमा कम्पोस्टिङलाई अनिवार्य गरिने छ र प्लाष्टिकजन्य फोहोरलाई प्रशोधन गरी सडक निर्माण वा अन्य निर्माण सामग्रीमा पुनः प्रयोग (Recycle and Reuse) गर्ने नवीनतम संयन्त्रको विकास गरिने छ।

४३. दिगो विकासका लक्ष्यहरू र पानी सुरक्षा योजनालाई कार्यान्वयन गर्न सुक्दै गएका पानीका मुहानहरूलाई पुनर्जीवित गर्न "**रिचार्ज पोखरी**" निर्माण र "**वृक्षारोपण**" कार्यक्रमलाई अभियानकै रूपमा अघि बढाइनेछ; साथै, सार्वजनिक स्थान र विद्यालयहरूमा जलवायुमैत्री तथा अपाङ्गतामैत्री (Accessible) पूर्ण सरसफाई युक्त संरचनाहरू निर्माण गरिने छ।

**गाउँ सभाका सदस्यहरू**

४४. गाउँपालिकाभित्रका ऐतिहासिक, धार्मिक र पुरातात्विक सम्पदाहरूको संरक्षणका लागि '**डिजिटल प्रोफाइल**' तयार गरिने छ। यस अन्तर्गत क्षेत्तेली, मल्देशी र सौका समुदायका लोपोन्मुख भाषा, लोकगीत, भेषभुषा र परम्परागत सीपलाई अडियो-भिजुअल माध्यमबाट अभिलेखीकरण गरी आगामी पुस्ताका लागि "**डिजिटल सांस्कृतिक संग्रहालय**" (Digital Cultural Archive) को रूपमा विकास गरिने छ।

४५. "**मौलिकता हाम्रो शानः संस्कृती परम्परा हाम्रो पहिचान**" अभियानलाई थप प्रभावकारी बनाउन स्थानीय जात्रा, मेला र मन्दिर क्षेत्रहरूलाई सांस्कृतिक पर्यटकीय गन्तव्यको रूपमा विकास गरिने छ। रैथाने सीप र कलालाई

रोजगारीसँग जोड्न स्थानीय भेषभुषा उत्पादनमा आधारित "लक्षित समुदाय सीप प्रवर्द्धन कार्यक्रम" सञ्चालन गरी स्थानीय हस्तकला र संस्कृतिलाई बजारीकरण गरिने छ।

**गाउँ सभाका सदस्यहरू**

४६. गाउँपालिकालाई "**बालमैत्री गाउँपालिका**" घोषणा गर्ने लक्ष्यका साथ बाल अधिकारको संरक्षण, बालश्रमको अन्त्य र साइबर अपराध विरुद्धका कार्यक्रम सञ्चालन गरिने छ। बालविवाहलाई पूर्णतया निस्तेज पार्न संलग्न व्यक्तिहरूलाई कानुनी कारबाहीको दायरामा ल्याउँदै विशेष अभियान सञ्चालन गरिने छ।

४७. महिलाहरूको आर्थिक सवलीकरणका लागि "**महिलासँग उपाध्यक्ष कार्यक्रम**" लाई निरन्तरता दिँदै व्यावसायिक सीप विकास र उद्यमशीलताका कार्यक्रमहरू सञ्चालन गरिने छ। विशेषगरी विपन्न तथा असहाय एकल महिलाहरूलाई योग्यताको आधारमा रोजगारी र स्वरोजगारमूलक कार्यक्रममा प्राथमिकता दिइने छ।

४८. "**ज्येष्ठ नागरिकसँग अध्यक्ष**" कार्यक्रमलाई निरन्तरता दिँदै उनीहरूको ज्ञान, सीप र अनुभवलाई नयाँ पुस्तामा हस्तान्तरण गर्न समन्वय गरिने छ। ज्येष्ठ नागरिकहरूको निःशुल्क स्वास्थ्य उपचार र विशेष सुरक्षा सहितका सम्मानका कार्यक्रमहरू सञ्चालन गरिने छ।

४९. दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसंख्यक र सीमान्तकृत समुदायको उत्थानका लागि आयआर्जन, सीप विकास र रोजगारीका विशेष योजनाहरू तर्जुमा गरी कार्यान्वयन गरिने छ।

५०. अपाङ्गता भएका व्यक्तिहरूको पहिचान र परिचयपत्र वितरणलाई व्यवस्थित बनाउँदै उनीहरूको शिक्षा, स्वास्थ्य, मनोरञ्जन र रोजगारीका लागि विशेष

प्याकेज ल्याइनेछ। आफ्नै हेरचाह गर्न नसक्ने व्यक्तिहरूको संरक्षणका लागि प्रदेश र संघीय सरकारसँग समन्वय गरिने छ।

५१. दलित समुदायको पुख्यौंली पेशा, कला र सीपको संरक्षण गर्दै त्यसलाई व्यवसायीकरण र आधुनिकीकरण गर्न विशेष आयआर्जनका कार्यक्रमहरू सञ्चालन गरिने छ।

५२. समाजमा व्याप्त जातीय विभेद, घरेलु हिंसा, मानव बेचबिखन र लैङ्गिक हिंसा विरुद्ध कडा नीति नियम बनाई कार्यान्वयन गरिने छ। गाउँपालिकालाई लैङ्गिक हिंसामुक्त र न्यायपूर्ण समाजको रूपमा विकास गर्न पालिकाभरी सचेतनामूलक अभियानहरू सञ्चालन गरिने छ।

५३. सामाजिक सुरक्षा भत्ता वितरणलाई थप पारदर्शी र झन्झटमुक्त बनाउन **Biometric Verification** प्रणालीलाई पूर्ण रूपमा कार्यान्वयनमा ल्याइनेछ। यसका लागि आधुनिक **Biometric Scanner Device** को माध्यमबाट लाभग्राहीको पहिचान सुनिश्चित गरी उक्त प्रणालीलाई व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन प्रणाली (MIS) सँग पूर्ण रूपमा आवद्ध गरिने छ।

५४. व्यक्तिगत घटनाहरू (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाईसराई) ३५ दिनभित्र दर्ता सुनिश्चित गर्न ६ वटै वडाका टोल र बस्तीस्तरमा एकीकृत दर्ता शिविर सञ्चालन गरिने छ। साथै, सामाजिक सुरक्षा भत्तालाई वडा कार्यालयको पायक पर्ने स्थानबाट वितरण गर्ने व्यवस्था मिलाउनुका साथै अति अशक्त लाभग्राहीहरूका लागि संरक्षकको माध्यमबाट बैंक खाता सञ्चालन र घरदैलो सेवाका लागि विशेष पहल गरिने छ।

**गाउँ सभाका सदस्यहरू**

५५. गाउँपालिकाको केन्द्रलाई सडक सञ्जालसँग जोड्न संघ तथा प्रदेश सरकारसँग सार्थक पहल गरी चालू आर्थिक वर्षभित्रै पालिका केन्द्रसम्म सडक पहुँच सुनिश्चित गरिने छ। साथै, सबै वडा कार्यालयहरूलाई सडक सञ्जालमा आबद्ध गर्न समन्वयकारी भूमिका निर्वाह गरिने छ।

५६. दिगो विकास लक्ष्यको आन्तरिकीकरण गर्दै पूर्वाधार निर्माण पूर्व विस्तृत इन्जिनियरिङ अध्ययन (DPR) र प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन (EIA/IEE) लाई अनिवार्य गरिने छ। आयोजना छनौट गर्दा निर्धारित समय, लागत र गुणस्तरलाई उच्च प्राथमिकता दिइने छ।

५७. गाउँपालिकाभित्र निर्माण हुने सार्वजनिक तथा निजी भवनहरूमा राष्ट्रिय भवन संहिता र भवन निर्माण आचारसंहिता कडाइका साथ लागू गरिने छ। निर्माण पूर्व अनिवार्य नक्सा पास र निर्माण सम्पन्न भएपछि अनिवार्य अभिलेखीकरण गर्ने व्यवस्था मिलाइने छ।

५८. परम्परागत कुलो, नहर र पोखरीको मर्मत सम्भार र स्तरोन्नति गर्दै प्रविधिमा आधारित साना सिँचाइ आयोजनाहरू कार्यान्वयन गरिने छ। गाउँपालिका क्षेत्रमा राष्ट्रिय विद्युत प्रसारण लाइन विस्तार गर्न विशेष पहल गर्नुका साथै सञ्चालनमा रहेका लघु जलविद्युतलाई थप व्यवस्थित र नियमन गरिने छ।

५९. भौगोलिक सन्तुलन र समावेशिताका आधारमा पूर्वाधार विकास गर्ने नीति लिइनेछ। गाउँपालिकाको भू-उपयोग तथा जग्गा वर्गीकरणलाई कार्यान्वयनमा ल्याई उपलब्ध भूमिको वैज्ञानिक र व्यवस्थित प्रयोगमार्फत उत्पादन र उत्पादकत्व वृद्धिमा विशेष जोड दिइने छ।

## गाउँ सभाका सदस्यहरू

६०. सामुदायिक वन उपभोक्ता समूहहरूसँगको सक्रिय सहभागितामा संवर्धन प्रणालीमा आधारित वन व्यवस्थापनलाई विस्तार गरी वन पैदावारको

उत्पादन वृद्धि गरिने छ। खाली तथा ऐलानी जग्गाहरूमा व्यावसायिक वृक्षारोपण र जडिबुटी खेतीलाई प्रोत्साहन गर्दै वन क्षेत्रलाई रोजगारी र राजस्व वृद्धिको प्रमुख आधार बनाइने छ।

६१. "**विपद् उत्थानशील हाम्रा गाउँ, सुरक्षित बनाउँछौ आफ्नो ठाउँ**" भन्ने नाराका साथ विकास निर्माणका हरेक क्षेत्रमा विपद् जोखिम न्यूनीकरणको अवधारणालाई आन्तरिकीकरण गरिने छ। गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइनेछ ।

६२. बाढी, पहिरो, आगलागी जस्ता विपद्को समयमा तत्काल राहत र उद्धारका लागि सुरक्षा निकाय, रेडक्रस र स्थानीय खोज तथा उद्धार टोलीहरूको क्षमता अभिवृद्धि गरी परिचालन गरिने छ। विपद् पीडितहरूका लागि '**प्रकोप व्यवस्थापन कोषमार्फत**' राहत तथा सहायता वितरण प्रणालीलाई थप व्यवस्थित बनाइने छ।

६३. गाउँपालिकास्तरीय जोखिम नक्साङ्कनका आधारमा बाढी, पहिरो र नदी कटानको उच्च जोखिममा रहेका क्षेत्रहरूको पहिचान गरी तटबन्ध निर्माण र अन्य नियन्त्रणका कार्यहरू संघ र प्रदेश सरकारसँगको समन्वयमा सञ्चालन गरिने छ।

### गाउँ सभाका सदस्यहरू

६४. गाउँपालिकाको सेवालाई छिटो, छरितो र पारदर्शी बनाउन विद्युतीय शासन (E-Governance) लाई पूर्ण रूपमा कार्यान्वयन गरिने छ। सूचना तथा तथ्याङ्कको सुरक्षाका लागि "**विद्युतीय अभिलेख केन्द्र**" (Data Center) स्थापनाको पूर्वाधार तयार गरिनुका साथै सेवा प्रवाहमा सूचना प्रविधिको अधिकतम उपयोग गरी लागत र समय घटाइनेछ।

६५. स्थानीय नागरिकहरुको सुविधालाई मध्यनजर गरी भूमी प्रशासन सम्बन्धी सेवाहरु गाउँपालिकाबाटै प्रवाह हुने गरी आश्यक व्यवस्था मिलाइने छ। नयाँ आर्थिक बर्षबाट भूमी प्रशासन इकाई सञ्चालनमा ल्याइने छ।

६६. दस लाख रुपैया भन्दा माथिका निर्माण कार्यमा उपभोक्ता समितिलाई कम परिचालन गरिने छ। खरिद कार्यलाइ पारदर्शी र प्रतिस्पर्धी बनाउन दस लाख भन्दा बढी लागत भएका सबै खरिद कार्यलाई विद्युतीय खरिद प्रणाली मार्फत खरिद गर्न प्रोत्साहित गरिने छ।

६७. गाउँपालिकामा कार्यरत कर्मचारीहरूको मनोबल उच्च राख्न कार्यसम्पादनका आधारमा **उत्कृष्ट कर्मचारी पुरस्कार, क्षमता अभिवृद्धि तालिम, अध्ययन भ्रमण, स्वास्थ्य तथा सामूहिक दुर्घटना** बिमा सहितको **कर्मचारी कल्याण कोषको स्थापना** र अतिरिक्त समय खटिने कर्मचारीका लागि नियमानुसार प्रोत्साहन भत्ताको व्यवस्था गरी समग्र कार्यवातावरणलाई सुरक्षित, मर्यादित र उत्प्रेरणादायी बनाइने छ।

६८. आन्तरिक राजस्व क्षमता बढाउन राजस्वको दायरा फराकिलो बनाइने छ र मालपोत, घरकर एवं प्राकृतिक स्रोतको कर संकलनलाई पारदर्शी र व्यवस्थित गरिने छ। सामुदायिक वनबाट प्राप्त हुने काठ दाउरा बिक्रीको कर आन्तरिक राजस्व खातामा दाखिला हुने व्यवस्था मिलाउँदै राजस्व व्यवस्थापनमा नीतिगत र संरचनागत सुधार गरिने छ ।

६९. स-साना आयोजनामा बजेट छर्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै दीर्घकालीन लाभ दिने "**रूपान्तरणकारी आयोजना**" मा पुँजीगत खर्च केन्द्रित गरिने छ। योजनाहरूको पारदर्शिताका लागि नियमित अनुगमन, सार्वजनिक सुनुवाइ र सामाजिक लेखापरीक्षणलाई अनिवार्य गरिने छ।

७०. न्यायिक समितिको संस्थागत विकास गरी वडा तहसम्म "**मेलमिलाप केन्द्र**" हरूलाई साधनस्रोत सम्पन्न बनाई सञ्चालन गरिने छ। विवादहरूको

निरोपण छिटोछरितो रूपमा मेलमिलापको माध्यमबाट गर्न न्यायिक सहजकर्ताहरूको क्षमता विकास गरिने छ।

७१. नागरिकका गुनासाहरू तत्काल सम्बोधन गर्न "**सेवाग्राहीसँग गाउँपालिका**" कार्यक्रम र टोल फ्री सेवालाई प्रभावकारी बनाइने छ। भ्रष्टाचार नियन्त्रणका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग र महालेखा परीक्षकको कार्यालयका सुझावहरूलाई कडाइका साथ कार्यान्वयन गरिने छ।

७२. मुख्य बजार क्षेत्रहरूमा CCTV जडान गरी शान्ति सुरक्षा कायम गरिने छ र लागूऔषध एवं जुवातास विरुद्ध सचेतना अभियान सञ्चालन गरिने छ। जिल्ला र गाउँपालिकाबाट प्राप्त हुने सेवाहरूलाई बस्तीस्तरमै पुऱ्याउन "**एकीकृत घुम्ती शिविर**" कार्यक्रमलाई निरन्तरता दिइने छ।

**गाउँ सभाका सदस्यज्यूहरू**

७३. संघीय संरचनाले सुम्पेका जिम्मेवारीहरूलाई प्रभावकारी रूपमा वहन गर्दै नागरिकको आस्था र विश्वासको केन्द्रका रूपमा यस गाउँपालिकालाई स्थापित गर्ने संकल्प यस नीति तथा कार्यक्रमले लिएको छ। तीन तहका सरकारबीचको समन्वय र नागरिकका अपेक्षाहरूलाई साधन-स्रोतको सीमाभित्र रही कार्यान्वयन गर्न हामी प्रतिबद्ध छौं। यस दस्तावेजलाई पूर्णता दिन रचनात्मक सुझाव प्रदान गर्नुहुने राजनीतिक दल, नागरिक समाज, पेशागत संघसंस्था र सम्पूर्ण गाउँपालिकाबासीहरूमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु। अन्त्यमा, "सुन्दर, समृद्ध र विकसित अपिहिमाल" निर्माणको यस साझा यात्रामा जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, विकास साझेदार र किसान दाजुभाइ तथा दिदीबहिनीहरूको अटुट साथ र सहयोग प्राप्त हुने अपेक्षा गर्दछु। अन्त्यमा गाउँपालिकालाई सुन्दर, समृद्ध र

विकसित बनाउने अभियानमा सबैको महत्वपूर्ण साथ र सहयोगको अपेक्षा सहित सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

*धन्यवाद*

*मितिः २०८३ साल असार ९ गते रोज ३ शुभम्*